| | | |
|---|---|---|
| ३१ | जनक (धनुषा) | १) असार २३ गतेको सम्पादकीय असार १८ गतेको खोजतलास दैनिकको सम्पादकीयलाई अनुच्छेद बिगारेर चलाखीपूर्व तरिकाले केही शब्द थपथाप गरी हुबहु प्रकाशित ।<br><br>२) असार १६ गतेको अंकमा 'प्रश्नपत्र च्यातियो' शीर्षकको ३ पेजमा प्रकाशित समाचार खोजतलास दैनिकको असार २० गतेको पहिलो पेजमा प्रकाशित समाचारसँग हुबहु देखिन्छ । एकैचोटी छापिएको प्रमाण)<br><br>३) असार १६ गते पेज ३ मा प्रकाशित 'पैसा दिन्छु भन्दै बलात्कार' शीर्षकको समाचार असार २० गतेको खोजतलासको पहिलो पेजमा प्रकाशित समाचारसँग हुबहु ।<br><br>४) जेठ २० गते पहिलो पेजमा प्रकाशित 'नेपालमा नयाँ युगको शुरुवातः राजतन्त्रको अन्त्य' शीर्षकको समाचार जेठ १६ गते प्रकाशित खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>५) जेठ २० गते ५ पेजमा प्रकाशित 'संविधानसभा बैठकमा देखिएका झाँकी' शीर्षकको समाचार जेठ १६ गतेको खोजतलास दैनिकको पहाीले पेजबाट हुबहु प्रकाशित ।<br><br>६) जेठ २० गते ५ पेजमा प्रकाशित 'बैठक स्थलमा नै सभासद्बीच कुटाकुट' शीर्षकको समाचार जेठ १६ गतेको खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>७) जेठ २० गते पहिलो पेजमा प्रकाशित 'धनगढीमा पत्रकार कुटपिट काण्डमा तीनको हत्या, कर्फ्यू जारी' शीर्षको समाचार जेठ १६ गतेको खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>८) जेठ १३ गते पहिलो पेजमा प्रकाशित 'पुस्तक नपाएको झोंकमा ६ दर्जन गाडीमा तोडफोड' शीर्षकको समाचार जेठ १३ गते नै प्रकाशित खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>९) जेठ १३ गते ३ पेजमा प्रकाशित 'धम्क्याउने सभासद्लाई थप्पड' शीर्षकको समाचार जेठ १३ गतेकै खोजतलास दैनिकको पहिलो पेजबाट शीर्षक परिवर्तन गरी हुबहु प्रकाशित ।<br><br>१०) जेठ ६ गते पहिलो पेजमा प्रकाशित 'व्यवसायीको हत्याले राजधानी तात्यो' न्याय माग्न पीडित प्रधानमन्त्री.... खोजतलास दैनिकको पहिलो पेजको मुख्य समाचारसँग हुबहु ।<br><br>११) बैशाख २३ गते पहिलो पेजमा प्रकाशित 'नेपाल पत्रकार महासंघको महाधिवेशन सम्पन्न, केन्द्रीय सभापतिमा धर्मेन्द्र झा निर्वाचित' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको चौथो पेजबाट हुबहु प्रकाशित ।<br><br>१२) बैशाख २३ गते पहिलो पेजमा प्रकाशित 'कोइरालाको सम्मानजनक स्थान दिन प्रस्ताव' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको पहिलो पेजबाट शीर्षक परिवर्तन गरी हुबहु प्रकाशित ।<br><br>१३) बैशाख २३ गते ५ पेजमा प्रकाशित 'मोर्चाद्वारा माओवादी हत्या' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको पहाीले पेजबाट हुबहु प्रकाशित ।<br><br>१४) बैशाख २३ गते अन्तिम पेजमा प्रकाशित 'अनमिनलाई हटाउन भारतीय षडयन्त्र' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको पहाीले पेजबाट हुबहु प्रकाशित ।<br><br>१५) बैशाख २३ गते अन्तिम पेजमा प्रकाशित 'एमाले विधायकद्वारा राजीनामा' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>१६) बैशाख १६ गते पहिलो पेजमा प्रकाशित 'राष्ट्रका नाममा प्रमको सम्बोधन आज' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>१७) बैशाख १६ गते प्रकाशित 'हावामा झुन्डिएको आकासे फल' शीर्षकको अकेला श्रेष्ठको लेख सोही दिनको खोजतलास दैनिकबाट हुबहु प्रकाशित ।<br><br>१८) बैशाख १६ गते ५ पेजमा प्रकाशित 'घाइते बेहुलासँग अस्पतालमै विवाह' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>१९) बैशाख १६ गते अन्तिम पेजमा प्रकाशित 'दलहरुबीच संविधान संशोधन गर्नेबारे छलफल' शीर्षकको समाचार सोही दिनको खोजतलास दैनिकको पहिलो पेजबाट हुबहु प्रकाशित ।<br><br>२०) बैशाख ९ गते दोस्रो पेजमा प्रकाशित 'चोर औंला आफैंतिर' शीर्षकको डा. प्रदीप भट्टराईको लेख दृष्टि साप्ताहिकको बैशाख ३१ गते प्रकाशित हुबहु देखिन्छ । डा. भट्टराईले दृष्टि साप्ताहिकको विलोम शीर्षकमा त्यतिखेर नियमित स्तम्भ लेख्नु भएकोले पहिलोपटक दृष्टिमै लेख प्रकाशित भएको देखिन्छ । यसबाट पनि यो पत्रिका एकैपटक प्रकाशित भएको अर्को प्रमाणित हुन्छ ।<br><br>२१) २०६४ चैत १८ गतेको पृष्ठ २ मा प्रकाशित 'नयाँ नेपालका लागि संविधानसभा निर्वाचन' |

| | | |
|---|---|---|
| | | शीर्षकको लेख चैत १७ गतेको खोजतलास दैनिकबाट हुबहु प्रकाशित ।<br>२२) यो पत्रिकाका अधिकांश लेख र समाचारहरु खोजतलास दैनिकबाट स्रोत उल्लेख नगरी हुबहु प्रकाशित गरिएका छन् । |